# बिजुली कटौतीको समयमा निःशुल्क अतिरिक्त सहायता प्राप्त गर्नुहोस्

हाम्रो नि:शुल्क प्राथमिकता सेवाहरूमा सामेल हुनुहोस्



**बिजुली गयो?**
**105 मा फोन गर्नुहोस्**

Scottish & Southern Electricity Networks | Powering our community

नि:शुल्क, प्राथमिकतापूर्ण सेवाहरूसहित

# बिजुली जाने सम्भावनाको लागि तयार रहनुहोस्




## हाम्रा प्राथमिकता सेवाहरू के-के हुन्?

यी निःशुल्क सेवाहरू विशेष गरी ती ग्राहकहरूका लागि प्रदान गरिन्छन् जो बिजुली जानुअघि, बिजुली गएको बेला वा बिजुली गएपछि अतिरिक्त सहयोगको आवश्यकता पर्ने परिस्थितिमा छन्।

## हामी को हौँ

हामी Scottish and Southern Electricity Networks वितरण हौँ र तपाईंको घरसम्म बिजुली पुर्‍याउने तार र केबलहरूका व्यवस्थापन हामी गछौँ।

**SSEN.CO.UK/JOINPSR मा सामेल हुन छिटो र सजिलो छ।**




**तपाईं निम्न कुराहरू गर्नुहुन्छ भने तपाईं सहभागी हुन सक्नुहुन्छ:**

- बिजुली चाहिने चिकित्सा उपकरण / सहायक उपकरणहरू प्रयोग गर्नुहुन्छ
- तपाईंलाई दीर्घकालीन रोग छ
- पाँच वर्ष मुनिका बच्चाहरूसँग बस्नुहुन्छ
- तपाईंको उमेर साठी वर्षभन्दा बढी छ
- तपाईं अन्धा हुनुहुन्छ वा आंशिक रूपमा देख्न सक्नुहुन्न
- तपाईं बहिरा हुनुहुन्छ वा सुन्न गाह्रो हुनुहुन्छ
- तपाईं अपाङ्गता भएको व्यक्ति हुनुहुन्छ
- तपाईंलाई चिन्ता, डिप्रेसन वा अन्य कुनै मानसिक स्वास्थ्य समस्या छ
- अस्थायी रूपमा थप सहयोग चाहिन्छ

**प्रत्येक व्यक्तिको आवश्यकता फरक-फरक हुन्छ भन्ने कुरा हामी बुझ्छौँ। तपाईंलाई लाग्छ कि बिजुली गएको बेला तपाईंलाई कठिनाइ हुन सक्छ भने कृपया सल्लाहको लागि हामीलाई सम्पर्क गर्नुहोस्।**

# म किन सामेल हुनुपर्छ?

**पूर्ण रूपमा नि:शुल्क सेवा हुनुको साथै, प्राथमिकता सेवाहरूले निम्न प्रदान गर्छ:**

### बिजुली जानेसम्बन्धी अपडेटहरू

हामी तपाईंलाई 24 सै घण्टा बिजुली जाने बारेमा अपडेट दिनेछौँ। हामी तपाईं वा तपाईंले नामाङ्कन गर्नुभएको सम्पर्क व्यक्तिसँग सम्पर्क गर्नेछौँ।

### तपाईंका लागि उपयुक्त सञ्चार माध्यम

हामी तपाईंलाई ठूलो अक्षरमा, ब्रेलमा, अडियो CD मा वा तपाईंलाई आवश्यक भएमा अन्य भाषामा जानकारी प्रदान गर्न सक्छौँ।

### तपाईंको सुरक्षाको लागि मानसिक शान्ति

हामीले तपाईंलाई फोन वा भेट गर्दा प्रयोग गर्नको लागि तपाईं एउटा पासवर्ड रोज्न सक्नुहुन्छ। यसले तपाईंलाई सुरक्षित राख्न मद्दत गर्छ।

### लामो समयसम्मको बिजुली गएको क्रममा सहायता र कल्याण सेवाहरू उपलब्ध छन्

हामी लामो समयसम्म बिजुली गएको हुँदा थप सहयोग प्रदान गर्ने लक्ष्य राख्छौँ। यो आवश्यक परेमा हाम्रो प्राथमिकता सेवा टोलीबाट अतिरिक्त कल जाँच, खाना खर्चको क्षतिपूर्ति र वैकल्पिक आवासको व्यवस्था जस्ता सहयोग प्याकेजहरूमा समावेश हुन सक्छ। केही परिस्थितिहरूमा, हामी थप सहयोग प्रदान गर्न स्थानीय परिषद् र आपतकालीन सेवाहरूसँग काम गर्छौँ।

### निःशुल्क बिजुली जाने योजना

तपाईं सामेल भएपछि, हामी तपाईंलाई व्यक्तिगत बिजुली जाने योजना पठाउने छौँ। यो तपाईंको आवश्यकताअनुसार तयार पारिएको योजना हो, जसले बिजुली जानुअघि, दौरान र पछि के गर्नुपर्छ भन्ने कुरामा तपाईंलाई बुझ्न सहयोग पुऱ्याउँछ।

**SSEN.CO.UK/JOINPSR मा सामेल हुन छिटो र सजिलो छ।**

# तपाईंको पैसा बचत गर्न मद्दत गर्ने नि:शुल्क सल्लाह


YES energy solutions

**तपाईं चाहनुहुन्छ भने हामी तपाईंका लागि हाम्रा साझेदार YES Energy Solutions बाट निःशुल्क विशेषज्ञ ऊर्जा सल्लाहको व्यवस्था गर्न सक्छौँ। यसमा निम्न कुराहरू समावेश छन्:**

- बिल घटाउन सहयोग गर्ने ग्याजेटहरू सहितको निःशुल्क ऊर्जा-बचत प्याक।
- कम ऊर्जा प्रयोग गरेर पैसा बचत गर्ने सुझावहरू।
- तपाईंको घरलाई अझ ऊर्जा-दक्ष बनाउन अनुदान प्राप्त गर्न सकिने सम्भावना जाँच गर्ने।
- तपाईंले पाउनुपर्ने लाभ र आर्थिक सहायता प्राप्त गरिरहनुभएको छ कि छैन भनेर जाँच गर्ने।
- तपाईंको मानसिक र शारीरिक स्वास्थ्यको लागि सहयोग।
- तपाईंको घरमा कम कार्बन उत्सर्जन गर्ने प्रविधिहरू छान्न वा जडान गर्न सहयोग र सल्लाह।
- YES Energy Solutions का सेवाहरू नि:शुल्क र गोप्य छन्।

## ऊर्जा बचत गर्न सुरु गर्नुहोस्:

1. हामीलाई निःशुल्क **0800 294 3259** मा फोन गर्नुहोस् र **YES Energy Solutions** बाट निःशुल्क सल्लाह प्राप्त गर्नुहोस्।
2. **ssen.co.uk/energyadvice** मा जानुहोस् र फाराम भर्नुहोस्।
3. फारामको अन्त्यमा रहेको बाकसमा चिन्ह लगाएर, तपाईं **YES Energy Solutions** लाई तपाईंका विवरणहरू पठाउन हामीलाई अनुमति दिनुहुन्छ। उनीहरूले तपाईंलाई ऊर्जा बचत गर्ने सामग्रीको प्याक पठाउनेछन् र पछि तपाईंलाई फोन गरेर सम्पर्क गर्नेछन्।



## हाम्रा ग्राहकहरू के भन्छन्

*“म ह्वीलचेयरमा छु र मलाई ओछ्यानमा सुत्न मद्दत गर्न विद्युतीय सिलिङ होइस्ट राखिएको छ। मेरो श्रीमान्ले पनि औषधि फ्रिजमा राख्नुहुन्छ। खराब मौसम वा योजना अनुसारको कार्यका कारण बत्ती जाने जोखिमको बारेमा पहिले नै जानकारी पाउनु हामी दुवै मेरो श्रीमान् र मलाई पहिले नै तयारी गर्न धेरै सहयोगी हुन्छ। यसको मतलब यो हो कि यस्तो परिस्थितिमा हामी सुरक्षित र आत्मविश्वासी महसुस गर्न सकौँ भनेर सही सहयोग समयमै प्राप्त गर्न सक्छौँ।”*

Mrs Millers, उमेर 65

# यो सेवा निःशुल्क हो र छिट्टै सदस्यता लिन सकिन्छ

**तपाईंलाई योग्य देखाउनका लागि कुनै कागजात देखाउनुपर्ने छैन। तपाईं आफ्नो परिवारका सदस्य, साथी वा चिनजान कोही व्यक्तिको तर्फबाट पनि दर्ता गर्न सक्नुहुन्छ, जसले बिजुली गएको बेला अतिरिक्त सहायता सेवाबाट फाइदा लिन सक्ने सम्भावना छ भनेर तपाईंलाई लाग्छ।**

**फारम भर्नुहोस्, अनलाइन जानुहोस् वा नि:शुल्क फोन गर्नुहोस्**

**0800 294 3259**

**0800 316 5457** टेक्स्टफोन

**ssen.co.uk/joinpsr**

Scottish and Southern Electricity Networks निम्न कम्पनीहरूका व्यापारिक नाम हो, जसमा Scottish and Southern Energy Power Distribution Limited स्कटल्यान्डमा दर्ता गरिएको दर्ता नम्बर SC213459; Scottish Hydro Electric Transmission plc स्कटल्यान्डमा दर्ता गरिएको दर्ता नम्बर SC213461; Scottish Hydro Electric Power Distribution plc स्कटल्यान्डमा दर्ता गरिएको दर्ता नम्बर SC213460; (सबैको दर्ता कार्यालय Inveralmond House, 200 Dunkeld Road, Perth, PH1 3AQ मा रहेको छ); र Southern Electric Power Distribution plc इङ्गल्याण्ड र वेल्समा दर्ता गरिएको दर्ता नम्बर 04094290, जसको दर्ता कार्यालय No. 1 Forbury Place, 43 Forbury Road, Reading, RG1 3JH मा रहेको छ, समावेश छन्। यी सबै कम्पनीहरू SSE Group का सदस्य हुन् र थप जानकारी www.ssen.co.uk मा उपलब्ध छ।

@ssencommunity /ssencommunity

# प्राथमिक सेवा फाराम

**सम्पर्क विवरण:** बिजुली जाँदा अतिरिक्त सहयोग आवश्यक पर्न सक्ने व्यक्तिको लागि।

| | | | |
|---|---|---|---|
| **शीर्षक** | | **नाम** | |
| | | **थर** | |
| **ठेगाना** | | | |
| | | **पोस्टकोड** | |
| **घरको फोन** | | | |
| **मोबाइल फोन** | | | |
| **टेक्स्टफोन** | | | |

**गृह भ्रमण सुरक्षा पासवर्ड**
(अधिकतम 10 अक्षर)
हामी तपाईंकोमा आउँदा पासवर्ड प्रयोग गर्न चाहनुहुन्छ भने कृपया यहाँ प्रविष्ट गर्नुहोस्:

## नामाङ्कन गरिएको सम्पर्क व्यक्ति

तपाईं चाहनुहुन्छ कि हामी तपाईंको तर्फबाट कसैलाई सम्पर्क गरौं भने कृपया तल उनको विवरण दिनुहोस्।

| | | | |
|---|---|---|---|
| **शीर्षक** | | **नाम** | |
| | | **थर** | |
| **घरको फोन** | | | |
| **मोबाइल फोन** | | | |
| **नाता** | | | |

हामी तपाईंको डाटा कसरी सङ्कलन, भण्डारण र प्रक्रिया गर्छौं भन्ने जानकारीको लागि कृपया हाम्रो गोपनीयता सूचना **ssen.co.uk/privacynotice** मा हेर्नुहोस् (तपाईं कागजी प्रति चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस्)।

तपाईंलाई अब प्राथमिक सेवा आवश्यक छैन भने कृपया हामीलाई **0800 294 3259** मा फोन गर्नुहोस् वा **0800 316 5457** मा टेक्स्टफोनमार्फत सम्पर्क गर्नुहोस् वा **networks.priority.services@sse.com** मा इमेल गर्नुहोस् र हामी तपाईंको नाम दर्ता सूचीबाट हटाउने छौं।

## चिकित्सकीय रूपमा निर्भर

- [ ] नेबुलाइजर वा एप्निया मोनिटर
- [ ] मुटु / फोक्सोको मेसिन वा भेन्टिलेटर डायलासिस
- [ ] डायलाइसिस, खुवाउने पम्प र स्वचालित औषधि उपकरण
- [ ] अक्सिजन प्रयोग
- [ ] अक्सिजन कन्सेन्ट्रेटर
- [ ] Careline वा Telecare (कार्डियाक निगरानी समेत)
- [ ] औषधीय रूपमा निर्भर नुहाउने / स्नान गर्ने
- [ ] सिंढी लिफ्ट, होइस्ट वा विद्युतीय ओछ्यान
- [ ] औषधि प्रशीतन

## उमेर सम्बन्धित आवश्यकताहरू

- [ ] 60 वर्षभन्दा बढी उमेरका
- [ ] 5 वर्ष मुनिका बच्चाहरूसँग बस्ने

## गतिशीलता आवश्यकताहरू

- [ ] शारीरिक अपाङ्गता
- [ ] हात चलाउन कठिनाइ/सीमितता
- [ ] ढोका खोल्न असमर्थ

## सुरक्षा

- [ ] थप उपस्थिति रुचाइएको
- [ ] सुँघ्ने / स्वाद थाहा पाउने क्षमतामा कमी
- [ ] पानीमा निर्भर (चिकित्सा कारणहरू)

## स्वास्थ्य अवस्थाहरू

- [ ] दीर्घकालीन रोग
- [ ] डिमेन्सिया
- [ ] विकासात्मक अवस्थाहरू (अटिज्मसहित)
- [ ] मानसिक स्वास्थ्य

## सञ्चार आवश्यकताहरू

- [ ] अन्धो
- [ ] आंशिक रूपमा देख्न असमर्थ
- [ ] सुन्न गाह्रो हुने समस्या (बहिरोसहित)
- [ ] बोल्न गाह्रो हुने समस्या
- [ ] अंग्रेजीमा कुराकानी गर्न असमर्थ

## अस्थायी आवश्यकताहरू

- [ ] अस्पतालबाट डिस्चार्जपछि पुनःस्वास्थ्य लाभ लिने अवस्था
- [ ] जीवनमा परिवर्तन (जस्तै कसैको मृत्युमा शोक)
- [ ] 18 वर्षभन्दा कम उमेरको घरधनी युवा

## रुचाइएको भाषा

## हामीबारे तपाईंले कसरी थाहा पाउनुभयो?

## हामी तपाईंको जानकारी कसरी प्रयोग गर्छौं

हामीले प्राथमिकता सेवाहरू प्रदान गर्न कानुनी रूपमा बाध्य छौं। तपाईंलाई प्राथमिक सेवा प्रदान गर्नका लागि, हामीले तपाईंले दिएका जानकारीहरू सुरक्षित रूपमा संग्रह गर्नेछौं र ती जानकारीहरूलाई आपतकालीन अवस्था, खराब मौसम वा योजना गरिएको बिजुली गएको समयमा तपाईंलाई सहयोग प्रदान गर्न प्रयोग गर्नेछौं। हामी यो काम वैध स्वार्थ र सार्वजनिक हित (जोखिममा रहेका बालबालिका र वयस्कहरूको सुरक्षा) को आधारमा गर्छौं। विशेष परिस्थितिहरू वा आपतकालीन अवस्थामा तपाईंलाई सहायता र समर्थन प्रदान गर्नका लागि, हामी तपाईंको जानकारी कल्याणकारी संस्थाहरू, बिजुली आपूर्तिकर्ता, ग्याँस आपूर्तिकर्ता, पानी आपूर्तिकर्ता, स्थानीय निकायहरू तथा आपतकालीन सेवाहरूसँग साझा गर्न सक्छौं।

हाम्रो सेवा कस्तो लाग्यो भनेर तपाईंको सुझाव लिन तपाईंलाई कहिलेकाहीँ सम्पर्क गरिन सक्छ।

## तपाईंको विवरणहरू साझा गर्ने

YES Energy Solutions सँगको तपाईंको रेफरलपछि तपाईं सन्तुष्टि सर्वेक्षणमा भाग लिन इच्छुक हुनुहुन्छ भने तलको बाकसमा चिन्ह लगाउनुहोस् र तपाईंको विवरण हाम्रो तेस्रो पक्षीय सर्वेक्षण प्रदायकलाई ग्राहक सन्तुष्टि सर्वेक्षण गर्नका लागि दिइनेछ। तपाईंको विवरणहरू केवल सर्वेक्षणको लागि तपाईंलाई सम्पर्क गर्न सर्वेक्षण प्रदायकद्वारा प्रयोग गरिनेछ। तपाईं सर्वेक्षण गरिन चाहनुहुन्न भने बाकसमा चिन्ह नलगाउनुहोस्। तपाईंले पछि गएर सर्वेक्षणमा सहभागी नहुने निर्णय गर्नुभयो भने कृपया हामीलाई 0800 294 3259 मा फोन गरेर जानकारी दिनुहोस्।

**म ऊर्जा सम्बन्धी सल्लाह प्राप्त गर्नको लागि YES Energy Solutions सँग जानकारी साझा गर्न सहमति जनाउँछु** [ ]

**कृपया यहाँ पठाउनुहोस्:**

Priority Services, Scottish and Southern Electricity Networks, FREEPOST, RTGH-TXXT-ZAEG, Inveralmond House, 200 Dunkeld Road, Perth, PH1 3AQ